# हेटौंडा सिमेन्ट उद्योग सम्बन्धी प्रतिवेदन

१. उजुरीको संक्षिप्त व्यहोरा

१. हेटौंडा सिमेन्ट उद्योग लि. का महाप्रबन्धक प्रेम शंकर सिंहले विज्ञको नाममा बर्नर तथा चिफ बर्नर पदमा उक्त उद्योगको कर्मचारी सेवा शर्त नियमावलीमा तोकिएको योग्यतासँग बाझिने गरी योग्यता तोकी विज्ञापन गरेको । आकर्षक तलब सुविधा दिने गरी खास व्यक्तिलाई (उद्योगकै पूर्व कर्मचारीहरुलाई) मात्र मिल्नेगरी योग्यता बनाएको र सो वापत निजहरुबाट मोटो रकम लिएको ।

२. उद्योगले मिति २०७३।०८।०६ मा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्न प्रकाशित विज्ञापन (२०७४।०६।१० मा नतिजा प्रकाशित) मा समेत रकम माग गरेको ।

३. उद्योगको मिति २०७३।०८।०६ को विज्ञापन नं. ३२/०७३।७४ मा Electronics/Instrumentation Engineer भनी माग गरिएको तर Electrical Engineer लाई छनौट गरी माग गरिएको शैक्षिक योग्यता भन्दा फरक योग्यता भएको व्यक्ति नियुक्त भएको ।

४. हेटौंडा सिमेन्ट उद्योगले वार्षिक १ करोड मूल्य बराबरको वियरिङ्ग खपत हुँदा पनि कहिल्यै टेण्डर ननिकाली आर्थिक अनियमितता गरी सेटिङ्ग मार्फत खरिद गरेको भन्ने समेत ।

२. छानविनबाट पाइएको व्यहोराः

(क) बर्नर नियुक्ति सम्बन्धमा

२. उद्योग ४ सिफ्टमा सञ्चालनमा रहेको र २ जना बर्नर निकट भविष्यमा अनिवार्य अवकाश हुने भएका कारण Kiln सञ्चालन गर्न बर्नर आवश्यक देखिएको भन्ने लगायतका कारण देखाई उद्योगको Kiln विभागबाट ४ जना बर्नर माग भएको । सो बर्नर पदका लागि किल्न विभागले शैक्षिक योग्यता तथा कार्यानुभव समेत खुलाई प्रशासन विभागमा पठाएको देखिन्छ ।

३. हेटौंडा सिमेन्ट उद्योग लिमिटेड सञ्चालक समितिको मिति २०७२ श्रावण २० गतेको १०७६ औं बैठकले किल्न विभागबाट लेखी आए बमोजिमकै न्यूनतम आवश्यक योग्यता र कार्यानुभव तोकी बर्नर नियुक्त गर्न करार पद ४ सृजना गर्ने निर्णय गरेको देखिन्छ ।

४. कागजात अध्ययन गर्दा सो ४ वटा बर्नर पदको लागि देहाय बमोजिम विज्ञापन भई पदपूर्तिको प्रकृया अगाडि बढाएको देखिन्छ-

| विज्ञापन मिति | माग गरेको सीट संख्या | दरखास्त परेको संख्या | नियुक्त भएको संख्या | कैफियत |
|---|---|---|---|---|
| २०७२।०५।३० (naukari.com मा समेत प्रकाशित) | ४ | १०९ | - | १ जना भारतीय र १ जना नेपाली रामचन्द्र प्र. रौनियारसँग सहमति भई नियुक्त गर्न पेश भएकोमा पुनः २ बर्नरको लागि सूचना प्रकाशन गर्ने निर्णय भएको । |
| २०७३।०४।०७ | २ | ८ | २ | रामचन्द्र प्र. रौनियार र अनिरुद्र प्र. सिंह बढीमा २ वर्षका लागि नियुक्त (रौनियारले पुनः दरखास्त दिएको) । निजहरु उद्योगकै पूर्व कर्मचारी रहेका । |
| २०७३।०६।१८ | २ | १० | - | कुनै पनि छनौटमा नपरेको भनी प्रतिवेदन पेश भएको । |
| २०७३।०९।१२ | २ | १ | १ | श्याम प्रसाद श्रेष्ठ बढीमा २ वर्षका लागि नियुक्त । निज उद्योगकै पूर्व कर्मचारी रहेको । |

५. माथि उल्लिखित विज्ञापन मध्ये अघिल्ला ३ वटा विज्ञापनमा देहाय बमोजिमको शैक्षिक योग्यता तथा कार्य अनुभव तोकिएको देखिन्छ-

- Qualification: Minimum Bachelor's Degree in Science (Chemistry) or Diploma/Bachelor degree in Engineering.
- Experience: (a) For Bachelor Degree in Engineering minimum 3 yrs experience in the related field. Or
  (b) For Bachelor Degree in Science (Chemistry) or Diploma in Engineering minimum 4 yrs experience in the related field.

६. माथि उल्लिखित पहिलो विज्ञापनमा उमेदवारहरुको Short Listing गर्न, ती छनौटमा परेकाहरुमध्ये ३ सिफ्टमा काम गर्न इच्छुक भए नभएको सम्पर्क गरी इच्छुक उमेदवारको अन्तर्वार्ता लिने जस्ता प्रकृयामा नै १० महिना व्यतित भएको देखिन्छ । त्यसबाट २ जना उमेदवार नियुक्तिका लागि छनौट भए पनि नियुक्त नगरी मिति २०७३।०३।२१ मा उद्योग व्यवस्थापनले बाँकी २ बर्नरको लागि पुनः सूचना निकाल्ने निर्णय गरेको देखिन्छ ।

७. दोस्रो विज्ञापनमा पेश भएका दरखास्त मध्ये रामचन्द्र प्रसाद रौनियार र अनिरुद्र प्रसाद सिंहको मात्र तोकिएको अनुभव भएको र पहिलो विज्ञापनबाट नियुक्तिका लागि छनौट भएका १ जना भारतीय नागरिकले व्यक्तिगत कारण देखाई आउन नसक्ने जवाफ पठाएको **भनी** सञ्चालक समितिको मिति २०७३ भाद्र ४ गतेको ११९८ औं बैठकले सोही उद्योगका पूर्वकर्मचारी समेत रहेका उल्लिखित २ जनालाई नियुक्त गर्ने निर्णय गरेको पाइयो ।

८. तेस्रो विज्ञापनका सम्बन्धमा पेश भएका कुनै पनि दरखास्त छनौटमा नपरेको भनी मूल्याङ्कन समितिले प्रतिवेदन पेश गरेको पाइयो । **तर आवेदकहरुको विवरण हेर्दा २ जनाको शैक्षिक योग्यता माग गरिएकै विषयमा स्नातकोत्तर तह भएको र केही वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव समेत पेश गरेको देखियो ।**

९. सञ्चालक समितिको मिति २०७३ भाद्र ४ को ११९८ औं बैठकले "....... दरखास्त आह्वान गर्दा माग बमोजिमको संख्यामा दरखास्त नआएमा अनुभव तथा अन्य योग्यता निर्धारण गरी नियुक्तिको प्रकृया अगाडि बढाउन व्यवस्थापनलाई निर्देशन दिने निर्णय गरियो" भन्ने समेत निर्णय गरेको पाइएकोले सोही आधारलाई टेकी मिति २०७३।०९।१२ मा चौथोपटक प्रकाशित विज्ञापनमा भने देहाय बमोजिमको शैक्षिक योग्यता तथा कार्य अनुभवको विकल्प थप गरेको पाइयो-

☞ (c) Bachelor in any discipline having 15 years' experience in kiln operation of any cement industry.

१०. उक्त विज्ञापनहरु बमोजिम नियुक्त भएका बर्नरहरुको योग्यता, कार्यानुभव तथा मासिक **पारिश्रमिक** देहाय बमोजिम भएको देखिन्छ-

| क्र. सं. | नामथर | शैक्षिक योग्यता | कार्यानुभव | पारिश्रमिक (रु. मा) | कार्यरत अवधि |
|---|---|---|---|---|---|
| १. | अनिरुद्र प्रसाद सिंह | *Diploma in Mech. Engineering | 28 Years in HCIL | ४८,०००।- | २०७३।६।१ देखि १ वर्ष |
| २. | रामचन्द्र प्रसाद रौनियार | Diploma in Mech. Engineering | 26 Years in HCIL | ४५,०००।- | २०७३।७।७ देखि २ वर्ष |
| ३. | श्याम प्रसाद श्रेष्ठ | व्यवस्थापनमा स्नातक | सोही उद्योगमा किल्न सञ्चालन सम्बन्धी काममा १७ वर्षको अनुभव | ५५,०००।- | २०७४।५।१२ देखि २ वर्ष |

*प्रमाणपत्र तह वा सो सरह

११. करारमा नियुक्त भएका निजहरुको नियुक्ति पत्र अनुसार **अनिरुद्र प्रसाद सिंह र श्याम प्रसाद श्रेष्ठलाई आठौं तह तथा रामचन्द्र प्रसाद रौनियारलाई सातौं** तह सरह तोकिएको देखिन्छ । तर हाल सो पदमा कोही पनि करारमा कार्यरत नरहेको भन्ने बुझिएको ।

१२. उजुरीसाथ संलग्न मिति २०७४।०५।२४ मा प्रकाशित सूचनाका सम्बन्धमा उद्योगका प्रशासन विभाग प्रमुख प्रदीप कुमार पौडेलले मौखिक रुपमा जानकारी गराए अनुसार उक्त सूचना बमोजिम ८ जनाको दरखास्त परेको । त्यसमध्ये ३ जना छनौट भएकोमा १ जना अन्तर्वार्तामा आए पनि कसैलाई नियुक्ति नदिइएको भन्ने बुझिएको ।

१३. हेटौंडा सिमेन्ट उद्योग लिमिटेड कर्मचारी सेवा शर्त नियमावली, २०५५ को नियम ३.५.१. अनुसार प्राविधिक अधिकृत स्तरको पदको लागि सम्बन्धित विषयको स्नातकोत्तर उपाधि हुनुपर्ने तर प्रयोगात्मक विज्ञ (Applied Science) वा प्रविधि (Technology) वा इञ्जिनियरिङ विषयको हकमा भने स्नातक स्तरको उपाधि हुने भए पुग्नेछ भन्ने व्यवस्था रहेको ।

१४. सोही नियमावलीको नियम २.४.४. (क) मा "उद्योगको संगठन संरचनाभित्र कायम भएको स्थायी प्रकृतिको पदमा करार सेवामा कर्मचारी नियुक्त गरिने छैन" भनिएको । त्यस्तै, नियम २.४.४ (ग) मा "करार सेवामा नियुक्ति गर्दा जुन तह, सेवा/समूहको पदमा नियुक्ति गरिने हो सो को निमित्त आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवको अवधि निर्धारण गर्दा उद्योगमा समान तह र सेवा समूहको स्थायी तर्फको निमित्त तोकिएको योग्यता भन्दा कम योग्यता तोकिने छैन" भन्ने व्यवस्था रहेको ।

(ख) <u>चिफ बर्नर नियुक्ति सम्बन्धमा</u>

१५. कारखानामा भएको जनशक्ति क्रमशः अवकाश हुँदै गएकोले उद्योग सञ्चालनमा कठिनाई हुन गएको भन्ने कारण देखाई खाली पदमा आपूर्ति नभएसम्मको लागि एकजना दक्ष Chief Burner आवश्यक परेको भनी उद्योगको किल्न विभागले Office Memo मार्फत उद्योग व्यवस्थापनसँग माग गरेको । साथै उक्त पदका लागि आवश्यक पर्ने शैक्षिक योग्यता तथा कार्यानुभव समेत त्यसै Memo साथ खुलाई पठाएको देखिन्छ ।

१६. किल्न विभागको Memo अनुसार नै देहाय बमोजिमको योग्यता तोकी ६ महिनाको लागि (पुनः ६ महिनासम्मको म्याद थप हुन सक्ने गरी) चिफ बर्नर पद १ करार सेवामा नियुक्त गर्न भनी मिति २०७५।६।१८ मा सूचना प्रकाशित भएको देखिन्छ-

☞ योग्यता: मेकानिकल इञ्जिनियरिङ्गमा न्यूनतम प्रमाणपत्र तह उत्तीर्ण गरेको र अनुभवको हकमा बर्निङ्ग कार्यमा न्यूनतम २० वर्षको अनुभव भएको ।

१७. उक्त सूचना बमोजिम नागेन्द्र प्रसाद सिंहको मात्र निवेदन परेको देखिएको । सो निवेदन सम्बन्धमा गठित समितिले निजको कार्यक्षमता र अनुभवलाई बिचार गर्दा हाल उद्योग सञ्चालनको लागि किल्न जस्तो संवेदनशील स्थानमा भरपर्दो जनशक्ति नभएको र नयाँ नियुक्त भई आएका बर्नर सम्बन्धी कार्य गरिरहेका कर्मचारीहरु सक्षम नभई सकेको अवस्था रहेको भनी निजको सेवा शर्त एवं सुविधा समेत तोकी निजलाई करारमा नियुक्त गर्न सिफारिस गरेको पाइयो ।

१८. कागजात अनुसार चिफ बर्नर पदमा करार सेवामा नियुक्त नागेन्द्र प्रसाद सिंहको शैक्षिक योग्यता डिप्लोमा इन मेकानिकल इञ्जिनियरिङ्ग रहेको र निज सोही उद्योगमा रही सोही कार्यमा ३० वर्षको अनुभव रहेको भन्ने देखिन्छ ।

१९. उक्त उद्योगको दरवन्दी विवरणमा बर्नर पद ३ वटा रहेको र ती सबै पदपूर्ति भएको देखिन्छ भने चिफ बर्नर पद रहेको देखिँदैन ।

२०. उद्योगको कर्मचारी सेवा शर्त नियमावलीमा भएको प्रावधान बमोजिम विज्ञ, विशेषज्ञ जस्ता पदहरुमा करार सेवामा नियुक्ति गर्न सक्ने व्यवस्था रहेको । उक्त पद उद्योगको स्थायी दरवन्दीमा नभएको र हाल किल्न सञ्चालनमा कार्यरत कर्मचारीहरुबाट नै उक्त कार्य गर्ने क्षमता विकास गरी भविष्यमा कार्यरत कर्मचारीहरुबाटै कार्य गराउनु पर्ने भएकोले सो विशेषज्ञ सेवा उद्योगलाई अत्यावश्यक रहेको भन्ने समेतको व्यवस्थापकीय रायका आधारमा हेटौंडा सिमेन्ट उद्योग लिमिटेड सञ्चालक समितिको मिति २०७५ पौष ७ को १२४२ औं बैठकले सो सम्बन्धमा सिफारिस गर्ने समितिकै सिफारिस बमोजिम नागेन्द्र प्रसाद सिंहलाई चिफ बर्नर पदमा सेवा करारमा लिन स्वीकृति दिने निर्णय गरेको देखिन्छ।

२१. निज नागेन्द्र प्रसाद सिंहलाई मिति २०७५।०९।१८ देखि लागू हुनेगरी ६ महिनाको लागि चिफ बर्नर पदमा करार सेवामा नियुक्त गरेको र निजको मासिक पारिश्रमिक रु.

८५,०००।- तोकिएको पाइयो । साथै निजले पाउने अन्य सुविधाहरु उद्योगको आठौं तहका कर्मचारी सरह तोकेको पाइयो । त्यस्तै, पुनः ६ महिनाको लागि निजको म्याद थप गरी हालसम्म पनि निज कार्यरत रहेको भन्ने बुझिएको ।

२२. उद्योगको कर्मचारी सेवा शर्त नियमावलीको नियम २.४.४. मा 'करार सेवामा नियुक्त गरिने पद' का सम्बन्धमा उल्लेख भएको । सो अनुसार "उद्योगमा कायम रहेको मौजुदा दरवन्दी र विशिष्टता (ज्ञान र सीप) बाट सम्पन्न हुन नसक्ने कार्य प्रकृति, कार्य विशिष्टता र विशेषज्ञता रहेको अस्थायी प्रकृतिको कामको निमित्त समितिले करार सेवामा नियुक्त गर्ने गरी पद श्रृजना गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ ।

२३. त्यस्तै नियम २.४.४. (ख) मा- "विशेषज्ञ, विषय विज्ञ जस्ता प्रकृतिको पदमा मात्र करार सेवामा नियुक्त गरिने छ" भन्ने उल्लेख भएको छ भने त्यसैको '(घ)' मा- "करार सेवाको पद श्रृजना गर्नु पर्दा सर्वप्रथम यस्तो पद र पदले गर्नु पर्ने कामको विवरण तथा पदको निमित्त आवश्यक न्यूनतम योग्यता निर्धारण गरेर सोही अनुसार मात्र उपयुक्त व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ ।

२४. उद्योगका महाप्रबन्धक प्रेम शंकर सिंहको भनाई अनुसार किल्न (Kiln) सम्बन्धी कार्य गर्ने बर्नर पदमा धेरै लामो अवधिसम्म (करीब २५ वर्ष जति) कर्मचारी नियुक्त नगरिएका कारण उद्योगमा पुराना र सम्बन्धित कार्यमा अनुभवी तथा दक्ष कर्मचारीहरु अवकाश हुँदै गइरहेका । बर्नर पदमा स्थायी दरवन्दीमा नियुक्त भएका कर्मचारीको कार्यावधि हाल २/३ वर्ष जति मात्र भएको । निजहरु हालसम्म पनि किल्न सम्बन्धी काममा दक्ष तथा अनुभवी भई नसकेका । सिमेन्ट उत्पादनको लागि किल्न सम्बन्धी राम्रो ज्ञान तथा अनुभव नभएमा सिमेन्टको उत्पादन तथा गुणस्तरमा असर पर्ने र यो कार्य सिमेन्ट उत्पादनको लागि संवेदनशील विषय भएकोले यस अवस्थामा नयाँ नियुक्त भएका बर्नरहरुलाई सिकाई काममा दक्ष बनाउनको लागि पनि सोही उद्योगकै पुराना र अनुभवी कर्मचारी आवश्यक परेको ।

त्यस्तै, उद्योगमा सिमेन्ट उत्पादनको लागि RABH System जडान गरिएको । उद्योगका पुराना र अनुभवी कर्मचारीले मात्र सो कथकतभ्क मा राम्ररी काम गर्न सक्ने अवस्था रहेको। कतिपय निजी क्षेत्रका सिमेन्ट उद्योगहरुले नयाँ प्रविधिको प्रयोग गरी अधिकतम उत्पादन क्षमतामा उद्योग सञ्चालन गरिरहेको भए पनि यस उद्योगमा भने किल्न सम्बन्धी काम

manual नै हुने गरेको । निजी सिमेन्ट उद्योगहरुले पुराना दक्ष र अनुभवी कर्मचारीहरुलाई आकर्षक तलब तथा सुविधा दिएर लाने गरेकोले यस उद्योगमा त्यस्ता कर्मचारीहरु आउन नचाहने हुँदा निजहरुलाई पारिश्रमिक सुविधा बढाउनु पर्ने अवस्था रहेको देखिन्छ भन्ने समेत निजको भनाई रहेको ।

(ग) <u>उद्योगको विज्ञापन नं. ३२/०७३।७४ का सम्बन्धमा</u>

२५. जानाजान नभई झुक्किएर माग गरिएको भन्दा फरक किसिमको शैक्षिक योग्यता भएको दरखास्त फाराम सम्बन्धित कर्मचारीले बुझि लिएको । सो शैक्षिक योग्यताका सम्बन्धमा लोक सेवा आयोगको पनि ध्यान नपुगेको हुँदा सोही बमोजिम उमेदवार सिफारिस भई नियुक्त समेत भएको । वैकल्पिक उमेदवारले सो विषयमा अदालतमा रिट हालेको तर निवेदकको विपक्षमा फैसला भएको । निजले पुनरावेदन गरे नगरेको जानकारी उद्योगलाई नभएको । सो विज्ञापन बमोजिम नियुक्त व्यक्ति पनि हाल उद्योगमा कार्यरत नरहेको भनी उद्योगका प्रशासन विभाग प्रमुखले मौखिक जानकारी गराउनुभएको ।

(घ) <u>बियरिङ्ग खरिद सम्बन्धमा</u>

२६. प्राप्त विवरण अनुसार आ.व. २०७५/०७६ मा जम्मा रु. २४,५३,७२५।- को बियरिङ्ग खरिद गरेको र ती सबै सोझै खरिद गरेको पाइयो, जुन देहाय बमोजिम रहेको देखिन्छ-

I. पटक पटक गरी सोझै खरिद गरिएका विभिन्न साइजका बियरिङ्गहरु

| क्र.सं. | फर्म/सप्लायरको नाम | कति पटक खरिद गरेको | रकम रु. मा (भ्याट बाहेक) |
|---|---|---|---|
| १. | Rikesh & Ripesh Suppliers, Hetauda | २ पटक | १,०६,०००।- |
| २. | Puja Auto & Machinary Complex, Hetauda | २ पटक | १,३९,५००।- |
| ३. | Raj Machinery Stores, Janakpur | १० पटक | ६,६५,१७०।- |
| ४. | Khusbhu General Order Suppliers, Janakpur | २ पटक | १,६८,०००।- |
| ५. | K.C. Suppliers, Hetauda | १ पटक | ४२,८००।- |
| ६. | Jhalak Enterprises, Hetauda | १ पटक | ८६,०००।- |
| ७. | Mamta Stationery and General Order Suppliers, Janakpur | १ पटक | ७६,१५५।- |
| ८. | Sampurna Suppliers, Hetauda | १ पटक | ८१,४००।- |
| | जम्मा | | १३,६५,०२५।- |

II. Hand Quotation लिई सोझै खरिद गरिएका बियरिङ्गहरु

| क्र.सं. | फर्म/सप्लायरको नाम | PR* प्राप्त भएको मिति | रकम रु. मा (भ्याट बाहेक) |
|---|---|---|---|
| १. | Sagun Traders & Suppliers | २०७५।३।११ | ३,८१,७००।- |
| २. | Unique traders & enterprises | २०७५।३।२९ | ४,७२,०००।- |
| ३. | Khusbhu General Order Suppliers | २०७५।०५।०४ | २,३५,०००।- |
| | जम्मा | | १०,८८,७००।- |

PR = Purchase Requisition

२७. त्यसैगरी उपलब्ध कागजात अनुसार आ.व. ०७४/७५ मा ३५ पटक गरी १० वटा फर्म/सप्लायरहरुबाट रु. ११,८५,३०४।८२ र Hand Quotation / Local Quotation बाट रु. ७,३९,०००।- गरी जम्मा रु. १९,२४,३०४।८२ को विभिन्न साइज र प्रकारका बियरिङ्गहरु सोझै खरिद गरेको पाइयो । **त्यसरी ती प्रत्येक फर्मबाट रु. ५ लाखको सीमा भित्र रही खरिद गरेको पाइयो ।**

२८. सार्वजनिक खरिद नियमावली, २०६४ (पाँचौं संशोधन) को नियम ८५ को उपनियम (४) बमोजिम एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने गरी सोही नियमको उपनियम (१) (क) बमोजिम *पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझैं खरिद गर्न सकिने* व्यवस्था रहेको देखिन्छ ।

२९. त्यस्तै सोही नियमावलीको नियम ८५ (१ख) मा "…….एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन" भनी उल्लेख भएको देखिन्छ ।

३०. उद्योगले अवलम्बन गरेको Bearing खरिद प्रकृयाका सम्बन्धमा उद्योगको Ref. ख १५०/०७६/०७७ मिति २०७६।०६।१३ को पत्रानुसार देहाय बमोजिम लेखी आएको पाइयो-

- ☞ एक लाख रुपैयाँ सम्म सोझै खरिद गर्ने गरिएको ।
- ☞ रुपैयाँ एक लाख देखि पाँच लाख सम्मको खरिदमा कम्तीमा ३ वटा सूचीकृत फर्महरुबाट कोटेशन लिई खरिद गर्ने गरिएको । बढी भन्दा बढी प्रतिस्पर्धाको लागि स्थानीय पत्रिकामा ७ दिनको म्याद दिई कोटेशन माग गरेर समेत खरिद गर्ने गरिएको ।

- ☞ रुपैयाँ पाँच लाख देखि बीस लाख सम्मको खरिदमा सिल्ड कोटेशनको माध्यमबाट खरिद गर्ने गरिएको ।
- ☞ रुपैयाँ बीस लाख भन्दा बढीको खरिदमा बोलपत्रबाट खरिद गर्ने गरिएको ।

३१. एक आ.व. मा बियरिङ्ग खरिद गरेको जम्मा रकम हेर्दा उद्योगको उक्त पत्रमा खुलाए बमोजिम भएको पाइएन । तसर्थ के कसरी खरिद गर्ने गरिएको हो, थप प्रष्ट पारिदिन खरिद विभाग प्रमुख राम बाबु साहसँग अनुरोध गरिएकोमा देहाय बमोजिम खरिद गर्ने गरिएको भनी मौखिक जानकारी प्राप्त भएको-

- ☞ सम्बन्धित शाखा/विभाग/महाशाखाबाट PR (Purchase Requisition) भरी Authorized Person ले सही गरेपछि स्टोरमा जान्छ ।
- ☞ स्टोरले सामानको स्टक अवस्था हेरेर सही गरेपछि सम्बन्धित DGM बाट स्वीकृत (PR Approve) हुन्छ ।
- ☞ सो PR Approve भएपछि खरिद विभागमा जान्छ । त्यसपछि खरिद विभागले प्रत्येक PR को छुट्टाछुट्टै देहाय बमोजिमको आधारमा सामान खरिद प्रकृयामा लान्छ-
  - ◈ रु. १ लाख सम्मको खरिदमा खरिद विभागले आफैं बजारबाट खरिद गर्ने गरेको । (लागत इस्टिमेट नपर्ने भएकोले)
  - ◈ रु. १ लाखदेखि ५ लाख सम्मको खरिदमा कम्तीमा ३ वटा सूचीकृत फर्मबाट कोटेशन लिई न्यूनतमबाट खरिद गर्ने गरेको । कहिलेकाहीं प्रतिस्पर्धामा लान पत्रिकामा पनि सूचना प्रकाशन गर्ने गरेको ।
  - ◈ रु. १ लाख सम्मको खरिदमा **खरिद विभाग प्रमुखले,** रु. १ लाख देखि १५ लाख सम्मको खरिदमा नायव महाप्रबन्धकले र रु. १५ लाख भन्दा बढीको लागि महाप्रबन्धकले स्वीकृत गर्ने गरेको ।
  - ◈ महाप्रबन्धकले रु. १५ लाख सम्मको सामान खरिदका लागि अधिकार प्रत्यायोजन गरेको ।
- ☞ वार्षिक अधिकतम मूल्यको बियरिङ्गहरु सोझै खरिद गरेको भन्ने सम्बन्धमा- उद्योग सुचारु गर्न PR बाट माग भई आए अनुसार तुरुन्त खरिद गर्नुपर्ने भएकोले रु. ५ लाखभन्दा कमको हकमा माथि उल्लिखित प्रकृया अनुसार सोझै खरिद गर्ने गरिएको

तर रु. ५ लाखभन्दा बढी लागत अनुमान भएमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार शिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट नै खरिद गर्ने गरिएको भन्ने समेत ।

३२. उद्योगको आम्दानीको मुख्य स्रोत सिमेन्ट बिक्री रहेको र अन्य स्रोतहरुमा ब्याज, जरिवाना, लिलाम, नेपाल सरकारबाट प्राप्त ऋण अनुदान रहेको देखिन्छ । सञ्चालक समितिबाट स्वीकृत बजेट बमोजिम सामान खरिद गर्नुपर्ने देखिन्छ भने त्यसमध्ये पनि बियरिङ्ग खरिदका लागि सिमेन्ट बिक्रीबाट प्राप्त आम्दानी नै रहेको भन्ने बुझिएको ।

३३. उद्योगका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयको **आ.व. २०७४/०७५ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा** बेरुजु औंल्याएको देखिएन भने छानविन अवधिमा आ.व. ०७५/०७६ को महालेखा परीक्षकको प्रतिवेदन उपलब्ध हुन सकेन ।

## ३. निष्कर्ष तथा राय

१. **बर्नर/चिफ बर्नर पदमा त्यस प्रकारको शैक्षिक योग्यता कायम गरिएको कार्य उद्योगको कर्मचारी सेवा शर्त नियमावलीको नियम ३.५.१. तथा नियम २.४.४. (ग) विपरीत भएको देखिन्छ ।**

२. (उद्योगको कर्मचारी सेवा शर्त नियमावली, २०५५ को नियम ३.५.१. मा विशुद्ध विज्ञान शैक्षिक योग्यता आवश्यक हुने प्राविधिक अधिकृत स्तरको पदको लागि सम्बन्धित विषयको स्नातकोत्तर उपाधि हुनुपर्ने तर प्रयोगात्मक विज्ञ (Applied Science) वा प्रविधि (Technology) वा इञ्जिनियरिङ विषयको हकमा भने स्नातक स्तरको उपाधि हुने भए पुग्नेछ भन्ने रहेको । त्यस्तै- नियम २.४.४ (ग) मा "करार सेवामा नियुक्ति गर्दा जुन तह, सेवा/समूहको पदमा नियुक्ति गरिने हो सो को निमित्त आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवको अवधि निर्धारण गर्दा उद्योगमा समान तह र सेवा समूहको स्थायी तर्फको निमित्त तोकिएको योग्यता भन्दा कम योग्यता तोकिने छैन" भन्ने व्यवस्था रहेको ।)

३. उद्योग सञ्चालक समितिको निर्णयबाट बर्नर/चिफ बर्नर (श्याम प्र. श्रेष्ठको बाहेक) नियुक्त गरिएको पाइयो । तर ती पदमा कर्मचारी सेवा शर्त नियमावलीमा तोकिएको भन्दा कम वा फरक किसिमको शैक्षिक योग्यता भएका व्यक्तिहरु नियुक्त भएको देखिन्छ ।

४. **उद्योगको नियमावलीको नियम २८ मा सञ्चालक समितिको अधिकार र कर्तव्य उल्लेख भएको । त्यसमा सञ्चालक समितिले कर्मचारीको योग्यता निर्धारण गर्ने सम्बन्धी विषय उल्लेख गरेको पाइएन ।**

५. बर्नर तथा चिफ बर्नर पदमा पदपूर्तिको लागि पहिलो पटक सूचना प्रकाशित गर्दा नै कर्मचारी सेवा शर्त नियमावली विपरीत शैक्षिक योग्यता तोकिएको देखिन्छ । यस अनुसार हेर्दा उपयुक्त उमेदवार नपाइएकोले त्यसो गरिएको भन्ने उद्योगको दावी त्यति विश्वसनीय लाग्दैन ।

६. **मिति २०७३।६।१८ को सूचना अनुसार बर्नर पदका लागि कर्मचारी सेवा शर्त नियमावली बमोजिम शैक्षिक योग्यता स्नातकोत्तर रहेको र सम्बन्धित क्षेत्रमा केही वर्ष काम गरेको अनुभव पेश गरेका आवेदक पनि छनौटमा परेको नदेखिएको । अप्राविधिक (व्यवस्थापन) विषय लिएका श्याम प्रसाद श्रेष्ठलाई चाहिं Trial लिएर बर्नर पदमा नियुक्त गरेको तर नियमानुसारको योग्यता भए पनि निजहरु व्यावहारिक परीक्षा दिनबाट वञ्चित भएको पाइयो ।**

७. पहिलो पटक बर्नर पद ४ करारमा पदपूर्ति गर्न सूचना प्रकाशित भएर लामो समय छनौट प्रकृयामा लगाए पनि सो बमोजिम कसैलाई नियुक्ति नदिइएको । त्यसपछि २ पदको लागि मात्र सूचना प्रकाशित गरेको र दुवैजना उद्योगका पूर्वकर्मचारी नियुक्त भएका । दोस्रो पटक माग गरिएकै संख्यामा पदपूर्ति भएपछि पनि पुनः मिति २०७३।६।१८ मा २ बर्नर माग गरी सूचना प्रकाशित भएको देखिन्छ । बर्नर पद ४ अत्यावश्यक भएको भनिए पनि दोस्रो पटक प्रकाशित सूचनाबाट एकैसाथ माग नगरी दोस्रो र तेस्रो पटकको सूचनामा छुट्टाछुट्टै माग गरेर पदपूर्तिको प्रकृया अनावश्यक रुपमा लम्ब्याएको पाइयो ।

८. प्राप्त कागजात अनुसार बर्नर पदको लागि सूचना प्रकाशन गर्नुभन्दा अघि उद्योग सञ्चालक समितिको निर्णयबाट करारमा पद सृजना र शैक्षिक योग्यता तथा अनुभव निर्धारण गरेको भए पनि चिफ बर्नरको हकमा भने सञ्चालक समितिले नियुक्ति दिने मात्र निर्णय गरेको पाइयो । कर्मचारी सेवा शर्त नियमावलीको नियम २.४.४. (घ) बमोजिम करार सेवाको पद सृजना, यस्तो पदले गर्नुपर्ने कामको विवरण तथा आवश्यक

न्यूनतम योग्यता निर्धारण गरेर सोही अनुसार मात्र नियुक्त गर्न सकिने व्यवस्था भएपनि सो सम्बन्धी निर्णय कसले गर्ने भन्ने पनि उक्त नियमावलीमा खुलाएको पाइएन ।

९. बर्नर पदमा भन्दा चिफ बर्नरमा कम शैक्षिक योग्यता तोकिएको (स्नातक तह नराखेको) पाइयो । बर्नर र चिफ बर्नरको कार्यप्रकृति एकै किसिमको भए पनि चिफ बर्नरमा बिना औचित्य शैक्षिक योग्यताको दायरा साँघुरो बनाई मेकानिकल इञ्जिनियरिङ्ग मात्र राखेर प्रतिस्पर्धालाई सीमित गरिएको । आवेदन नै पर्न कठिन हुने गरी २० वर्ष लामो अवधिको कार्यानुभव राख्नुपर्ने कुनै ठोस र उचित कारण पनि देखिंदैन । यसले गर्दा चिफ बर्नर पदमा प्रतिस्पर्धाविहीन बनाएको देखिन्छ । त्यसैले माथि उल्लिखित विभिन्न कारणहरुबाट उजुरीमा भनिए बमोजिम उक्त दुवै पदमा उद्योगका पूर्वकर्मचारीलाई नै मिल्नेगरी सूचना प्रकाशित गरिएको अनुमान गर्न सकिन्छ । यो कुरा अनौपचारिक रुपमा बुझ्दा उद्योगको प्रविधिसँग राम्ररी परिचित अनुभवी र दक्ष कर्मचारी राख्न अत्यावश्यक रहेको भनी उद्योगका पदाधिकारीले पनि स्वीकार गरेको पाइयो ।

१०. उक्त दुवै प्राविधिक पदमा कुनै पनि प्रकारको परीक्षा (प्रयोगात्मक परीक्षा समेत) नलिई उमेदवारहरुले पेश गरेको कागजात / ज्ञष्य म्बतब अनुसार मूल्याङ्कन समितिले क्जयचत ाष्कत तयार गरी दिएको प्रतिवेदनको आधारमा सोझै नियुक्त गरेको पाइयो । बर्नर पदमा नियुक्त भएका श्याम प्रसाद श्रेष्ठबाट चाहिं किल्न सञ्चालन सम्बन्धी व्यावहारिक परीक्षा ९त्चष्बाि लिएको भन्ने कागजातबाट खुल्न आएको ।

११. उद्योगमा दरवन्दी बमोजिमका बर्नरहरु सक्षम भई नसकेको अवस्थामा उद्योगको एचयमगअतष्यल एचयअभकक लाई निरन्तरता दिन किल्न सञ्चालनका लागि अनुभवी र दक्ष प्राविधिकहरु अत्यावश्यक रहेको भन्ने बुझिएकोले उद्योगको तत्कालीन परिस्थिति अनुसार उद्योगको उत्पादन प्रकृया र किल्नको बर्नरमा राम्रो अनुभव भएका सोही उद्योगमा काम गरी अवकाशप्राप्त प्राविधिकहरु राख्नुपर्ने बाध्यता रहेको हुनसक्ने देखिएको ।

१२. बर्नर र चिफ बर्नरको कार्यप्रकृति एउटै भएको । त्यसैले उक्त दुवै पदलाई आवश्यक पर्ने शैक्षिक योग्यता पनि एकै किसिमको हुनुपर्ने देखिएको । बर्नरमा पनि करारमा नियुक्त गर्न कार्य अनुभव समेत तोकिएको । बर्नरको कार्य विवरणमा- Over all responsible for kiln operation in shift भनी उल्लेख भएको । यस अनुसार हेर्दा बर्नरले

पनि चिफ बर्नरलाई तोकिएको कार्य विवरण बमोजिमको कार्य गर्न सक्ने देखिएको । त्यसैले करारमा ४ वटा बर्नर पद कायम गरेपछि आर्थिक व्ययभारका हिसाबले पनि चिफ बर्नर समेत राख्न त्यति औचित्यपूर्ण देखिंदैन ।

१३. सो उद्योगको किल्न विभागका कर्मचारीहरुको आ.व. २०७५/०७६ को तलब स्केल अनुसार हिसाब गर्दा करारमा आठौं तह सरह बर्नर पदमा नियुक्त भएका अनिरुद्र प्रसाद सिंहलाई समान तहको तलब स्केल भन्दा ३७.१४% बढी र श्याम प्रसाद श्रेष्ठलाई ५७.१४% बढी मासिक पारिश्रमिक तोकिएको देखिन्छ । त्यस्तै बर्नर सातौं तह सरहका रामचन्द्र प्रसाद रौनियारलाई ३९.०६% बढी मासिक पारिश्रमिक हुनेगरी तोकिएको पाइयो । त्यसैगरी चिफ बर्नरको पारिश्रमिक समान तहको भन्दा १४२.८५% बढी रहेको पाइयो । बर्नरमा नियुक्त गर्न अनुभवलाई प्राथमिकता दिएको बताइए पनि सम्बन्धित काममा २६ वर्षको अनुभव भएको र प्राविधिक (इञ्जिनियरिङ्ग) विषयमा तोकिएको योग्यता भएका रामचन्द्र प्रसाद रौनियारलाई भन्दा अप्राविधिक विषय भई अनुभव पनि तुलनात्मक रुपमा कम (१७ वर्ष) भएको श्याम प्रसाद श्रेष्ठलाई पारिश्रमिक बढी दिई एक तह माथि कायम गरी नियुक्त गरेको पाइयो । कुन मापदण्ड बमोजिम यसरी नियुक्त गरी पारिश्रमिक निर्धारण गरिएको भन्ने पनि प्रस्ट देखिएन । यसरी हेर्दा निजहरुको पारिश्रमिक निर्धारण गरिएको कुनै वैज्ञानिक आधार देखिएन । Negotiation द्वारा पारिश्रमिक निर्धारण गरिएको देखिन्छ ।

१४. उद्योगले मिति २०७३।८।६ मा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्न प्रकाशित विज्ञापन (२०७४।६।१० मा नतिजा प्रकाशित) मा रकम माग गरेको भन्ने सम्बन्धमा कुनै प्रमाण फेला परेन । सो विज्ञापन बमोजिम कुन पदका लागि रकम माग गरेको हो भन्ने पनि उजुरीमा प्रस्ट नखुलेको ।

१५. उद्योगको विज्ञापन नं. ३२/०७३।७४ बाट माग गरिएको पदमा तोकिएको भन्दा फरक विषयमा शैक्षिक योग्यता भएको व्यक्ति छनौट गरेको भन्ने सम्बन्धमा अदालतमा रिट निवेदन परेको भन्ने मौखिक रुपमा जानकारी प्राप्त भएकोले सो सम्बन्धमा केही गरिरहनु पर्ने देखिंदैन ।

१६. हेटौंडा सिमेन्ट उद्योग लि. ले व्यावसायिक रुपमा सिमेन्ट उत्पादन गर्न थालेको ३४ वर्ष पुगिसके पनि पुरानै प्रविधि अनुसार किल्न सञ्चालन पनि ?बलगबा नै गर्नुपर्ने अवस्था

रहेको भन्ने बुझिएको । यसले गर्दा नयाँ प्रविधिमा सञ्चालनमा रहेका निजी क्षेत्रका सिमेन्ट उद्योगहरुसँग प्रतिस्पर्धा गर्न उक्त उद्योगलाई चुनौति रहेको भन्ने बुझिन्छ । उक्त उद्योगले वैकल्पिक दक्ष जनशक्ति तयार गर्नेतिर ध्यान नदिएको र यसबीचमा पुराना अनुभवी प्राविधिक/बर्नरहरु धमाधम अवकाश हुँदै गर्दा ती पुराना र नयाँ बर्नर नियुक्तिको बीचमा धेरै लामो समयको अन्तर रहेका कारण प्रविधि/सीप हस्तान्तरण हुन नसकेको देखिन्छ । तसर्थ उद्योग व्यवस्थापनले दीर्घकालीन व्यावसायिक योजना तयार गरी दक्ष जनशक्ति तयार गर्ने र प्रविधि/सीप हस्तान्तरण गर्दै जाने तथा उद्योगको क्षमता विस्तार गर्ने कार्य समेत अगाडि बढाउनु पर्ने देखिन्छ ।

१. प्राप्त विवरण अनुसार आ.व. ०७४/७५ तथा आ.व. ०७५/७६ मा क्रमशः रु. १९,२४,३०४।८२ तथा रु. २४,५३,७२५।- को वियरिङ्ग पटक पटक गरी सोझै खरिद गरेको पाइएको । **त्यसमध्ये पनि Raj Machinery Stores नामक एउटै फर्मबाट आ.व. २०७५/०७६ मा १० पटक गरेर रु. ५ लाख भन्दा बढी अर्थात् जम्मा रु. ६,६५,१७०।- को बियरिङ्ग सोझै खरिद गरेको देखियो ।** सो कार्यलाई सार्वजनिक खरिद ऐन/नियमावलीको मर्म अनुरुप भएको भन्न सकिएन तर उद्योग सञ्चालनको लागि बियरिङ्ग अत्यावश्यक रहेको र उद्योगको कार्यप्रकृति अनुसार उद्योगलाई सुचारु गरिराख्न जुनसुकै बेला बियरिङ्ग खरिद गर्नुपर्ने हुनसक्ने देखिएको ।

२. उद्योगले सार्वजनिक खरिद ऐनको दफा ६ तथा सार्वजनिक खरिद नियमावलीको नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नगरेको । बियरिङ्ग खरिद गर्दा पनि तत्कालको आवश्यकता अनुसार PR (Purchase Requisition) बाट माग भई आए बमोजिम छुट्टाछुट्टै खरिद गर्ने गरेको पाइएको ।

३. सिमेन्ट बिक्री भई त्यसबाट प्राप्त हुने आम्दानीले बियरिङ्ग खरिद गर्नुपर्ने भएकोले खरिद योजना बनाई एकमुष्ठ रुपमा खरिद गर्न आर्थिक हिसाबले कठिनाई हुने भन्ने बुझिएको । हेटौंडा सिमेन्ट उद्योग लि. पनि निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यापारिक कारोवार गर्ने प्रकृतिको सार्वजनिक निकाय भएकोले उक्त उद्योगलाई सार्वजनिक खरिद नियमावलीको नियम ८७क. (२) अन्तर्गत राखी सोही नियमावलीको अनुसूची- ५क. मा समावेश गरी सार्वजनिक खरिद ऐनको दफा ६७ (३) तथा नियमावलीको नियम

**८७क. (३) बमोजिम सार्वजनिक खरिद सम्बन्धी मूलभूत सिद्धान्त विपरीत नहुनेगरी उद्योगले तत्काल कार्यविधि बनाई लागू गर्न आवश्यक देखिन्छ ।**

## ४. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।०९।२० को निर्णयः

हेटौंडा सिमेन्ट उद्योगमा नियम विपरीत पदपूर्ति तथा सामाग्री खरिद गरेको भन्ने उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा देहाय अनुसार गर्न गराउन हेटौंडा सिमेन्ट उद्योगलाई निर्देशन दिई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई जानकारी दिने निर्णय गरियोः

१. स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी करारमा भर्ना नगर्ने र गर्नुपर्ने भएमा संगठन सर्भेक्षण गरी दरबन्दी स्वीकृत गराई गर्ने,
२. स्थायी पदको शुरु स्केल भन्दा बढी हुने गरी करारका कर्मचारीलाई तलब स्केल दिने व्यवस्था तत्काल बन्द गरी शुरु स्केल बराबर मात्र दिने व्यवस्था गर्ने,
३. उद्योगलाई आवश्यक पर्ने मेसिनरी लगायत अन्य सामानको खरिद योजना, लागत अनुमान तयार गरी गत विगत वर्षको खर्च समेतलाई ध्यान दिई सार्वजनिक खरिद ऐन विपरीत नहुने गरी खरिद गर्ने व्यवस्था तत्काल मिलाउन निर्देशन दिने ।